# हुप्सेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## झ्यालबास, नवलपरासी (ब.सु.पूर्व)
## गण्डकी प्रदेश, नेपाल

# नगर प्रहरी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

**प्रथम पटक सूचना प्रकाशित मिति २०७७/११/२३**

यस गाउँपालिकाको लागि निम्न बमोजिमको पदमा खुला तथा समावेशी प्रतियोगिताको माध्यमबाटआर्थिक वर्ष २०७७/०७८ को लागि तपशिल बमोजिमका कर्मचारीहरु सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | खुला | महिला | जम्मा संख्या |
|---|---|---|---|---|---|
| १ | ११/२०७७/०७८ | नगर प्रहरी हवल्दार | १ | - | १ |
| २ | १२/२०७७/०७८ | नगर प्रहरी जवान | ३ | १ | ४ |

१. **आवश्यक न्यूनतम योग्यता:** नगर प्रहरी हवल्दार पदका लागि कम्तिमा एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको तथा नगर प्रहरी जवानको लागि कक्षा ८ पास गरेको एवम् शारीरिक रुपमा तन्दुरुस्त भएको ।

२. **उमेरः** १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

३. **दरखास्त दिने स्थानः** हुप्सेकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय झ्यालबास, नवलपरासी (ब.सू.पू.)।

४. **दरखास्त दिने अन्तिम मितिः** २०७७/१२/०९ गते सम्म ।

५. **आवेदनको दस्तुरः**नगर प्रहरी हवल्दारको लागि रु ४००/- र नगर प्रहरी जवानको लागि रु ३००/- (NCC Bank मा रहेको हुप्सेकोट गाउँपालिकाको आन्तरिक राजश्व राजश्व खाता नं.१४६०००००३१२०१ मा दरखास्त दस्तुर जम्मा गरी बैक भौचर पेश गर्नुपर्नेछ )

६. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र (स्वीकृत प्राप्त चिकित्सकले प्रदान गरेको), मोटरसाइकल लाइसेन्सको प्रतिलिपि र दरखास्त दस्तुर बुझाएको बैक भौचर ।

७. **सेवा सुविधाः** नेपाल प्रहरी सेवाको प्रहरी हवल्दार र जवान पदको शुरु तलव स्केल ।

८. **छनौटको किसिमः** शारीरिक तन्दुरुस्ती, लिखित र अन्तरवार्ता ।

| क्र.स | विवरण | मापदण्ड न्यूनतम पुरुष (न्यूनतम) | मापदण्ड महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उचाई | ५ फिट र २ इन्च | ५ फिट |
| २ | छाती | ३१.३३ | - |
| ३ | वजन | ५० के.जी | ४२ के.जि |
| ४ | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको वा सो सरहको आँखा जाँचको रिपोर्ट (उमेदवार स्वयंले पेश गर्नुपर्ने )। | +२ देखि -२ भन्दा कमजोर नभएको वा सो सरहको आँखा जाँचको रिपोर्ट (उमेदवार स्वयंले पेश गर्नुपर्ने )। |

९. **शारीरिक तन्दुरुस्तीः** १००० मिटर दौड।

नोटः गाउँपालिका क्षेत्र भित्रका उम्मेदवार, नेपाल प्रहरी एंव सशस्त्र बल एंव नेपाली सेना भित्र Intelligence training लिएका तथा उक्त सेवा बाट सेवानिवृत्त भएका वा उपदान सेवा लिई राजीनामा गरेका तथा सवारी चालक अनुमति प्रमाणपत्र प्राप्त गरेका व्यक्तिहरुलाई विशेष प्राथमिकता दिइनेछ )

लिखित परीक्षाको पाठ्यक्रम तथा परीक्षा मिति गाउँपालिकाको Website www.hupsekotmun.gov.np मा उपलब्ध हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**